दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २६ | बुटवल | २०८१ माघ ०७, गते सोमबार | नेपाल संवत ११४५ | Monday Jan 20, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

### सुप्रिम सहकारीको रकम ठगी प्रकरण :

# रविसहित २२ जना विरुद्ध मुद्दा दर्ता

*२३९ पृष्ठको अभियोजनमा गृहमन्त्री लामिछाने सहित २२ जना बिरुद्ध पुरक जाहेरी दर्ता गरिएको हो ।*

**लुम्बिनी संवाददाता**
*बुटवल*



बुटवलमा रहेको सुप्रिम सहकारीको रकम ठगीको आरोप लागेका रास्वपा सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछाने सहित २२ जना विरुद्ध रुपन्देही जिल्ला अदालतमा मुद्दा अपरान्ह दर्ता भएको छ। जिल्ला सरकारी वकिल कार्यालय रुपन्देहीले सहकारी ठगी प्रकरणमा पछि खुलेका २२ जना बिरुद्ध पुरक जाहेरी सहित आइतबार मुद्दा दर्ताका जिल्ला अदालत रुपन्देहीमा लागि पठाएको थियो । सरकारी वकिल कार्यालयले पठाएको जाहेरी सहितको फाइल रुजु गरेर दर्ता गरिएको सरकारी वकिलको कार्यालय रुपन्देहीका प्रमुख प्रेम पौडेलले जानकारी दिए । मुलुकी फौजदारी अपराध संहिताको ठगी कसुर र संगठित अपराधको कसुरमा मुद्दा दता भएको उनले जानकारी दिए।

जिल्ला सरकारी वकिल कार्यालयले २५६ पृष्ठ लामो अभियोग पत्रमा सुप्रिम सहकारीका बचतकर्ताहरूको ८६ करोड १८ लाख २३ हजार ७५४ रुपैयाँ हिनामिना गरेको आरोपमा लामिछाने र गोर्खा मिडिया नेटवर्कका उपाध्यक्ष छविलाल जोशीसहितलाई मुद्दा दायर गरेको हो ।

यसअघि जिल्ला सरकारी वकिल कार्यालयले गत बैशाख ३ गते २८ जनाविरुद्ध सहकारी ठगीसम्बन्धी मुद्दा दर्ता गरेको थियो । त्यतिबेला १ अर्ब ३ करोड बिगो माग गरिएकोमा हाल पुरक अभियोग पत्र दर्ता गर्दै वकिल कार्यालयले लामिछाने र जोशीसहित १७ जनालाई सहकारी ठगी र संगठित अपराधको आरोपमा कारबाही गर्न माग गरेको हो ।

सुप्रिम सहकारीका १० हजार ३ सय ९१ जनाले बचत गरेको १ अर्ब ३१ करोडमध्ये ८६ करोड १८ लाख रुपैयाँभन्दा बढी रकम अपचलन भएको छ। त्योमध्ये १४ करोड रुपैयाँभन्दा बढी रकम गोर्खा मिडिया नेटवर्कमा गएको छ। प्रहरीले पूर्वगृहमन्त्री रवि लामिछाने, पूर्वडीआइजी छविलाल जोशीसहितलाई मुद्दा चलाउन रायसहितको प्रतिवेदन गत शुक्रवार प्रहरीले बुझाएको थियो ।

लामिछानेसहित २२ जनालाई प्रतिवादी बनाएर पूरक अभियोग दर्ता भएको सूचना अधिकारी मरासिनीले बताए । यसअघि गत वैशाखमा जीबी भन्ने गितेन्द्रबाबु राईसहित २८ जनालाई प्रतिवादी बनाएर सहकारी ठगीमा मुद्दा दर्ता भएको थियो । तर, उनीहरुमध्ये १७ जनाविरुद्ध थप अभियोगसमेत लगिएको छ। यसअघि नै सहकारी ठगीको मुद्दा लगिएका मध्ये केहीलाई पूरकअभियोगमा पनि प्रतिवादी बनाइएको छ। उनीहरुलाई सहकारी ठगी र संगठित अपराधको कसुरमा सजाय माग गरिएको छ।

रुपन्देही जिल्ला अदालतका सूचना अधिकारी अनन्त मरासिनीका अनुसार जीवी राईलाई ५१ करोड १ लाख र लामिछानेसहितलाई १० करोड १९ लाख ३६ हजार बिगो राखिएको छ ।

पूरक अभियोग र थप अभियोगसहित यो मुद्दामा जम्मा प्रतिवादी ४२ जना भएका छन्। पहिलो चरणको मुद्दामा ८६ करोड रुपैयाँ बिगो कायम गरिएको थियो। प्रतिवादी थप भएसँगै बिगो पनि झण्डै डेढ अर्ब पुगेको हो ।

रवि लामिछाने र छविलाल जोशीसहित पूरकअभियोगमा प्रतिवादी छन्। मुद्दा दर्ता भएसँगै अब उनीहरूले रुपन्देही अदालतमा उपस्थित हुनु पर्नेछ। उनी सोमबार नै आउने तयारी गरेको उनी निकटका कानून व्यवसायीले बताएका छन् । यसअघि रविलाई कास्कीको सूर्यदर्शन सहकारीमा ६५ लाख रुपैयाँ र काठमाडौंको स्वर्णलक्ष्मी सहकारीमा ६० लाख रूपैयाँ धरौटीमा रिहा गरिएको छ। त्यस्तै छविलाई सूर्यदर्शनमा ८८ लाख रुपैयाँ र स्वर्णलक्ष्मी सहकारीमा अहिले थुनछेक बहस भइरहेको छ।

प्रहरी स्रोतका अनुसार अनुसन्धान प्रतिवेदनमा रविविरुद्ध व्यक्तिगत रूपमा २ करोड र गोर्खा मिडियाका नाममा (सामूहिक) २ करोड १५ लाख २८ हजार गरी ४ करोड १५ लाख २८ हजार रूपैयाँको बिगो माग दाबी गरिएको छ। त्यस्तै जोशीविरुद्ध २ करोड ५० लाख र मिडियाको नाममा (सामूहिक) १ करोड ७७ लाख ८८ हजार गरी ४ करोड २७ लाख ७८ हजार रूपैयाँ बिगो दाबी गरिएको छ ।

यस्तै सुप्रिम सहकारीका अध्यक्ष ओमप्रकाश गुरुङविरुद्ध व्यक्तिगत २ करोड ८८ लाख १४ हजार र सामूहिक २ करोड ७ लाख ९४ हजार गरी ४ करोड ९६ लाख ८ हजार बिगो माग दाबी प्रहरी प्रतिवेदनमा गरिएको छ ।

# सिद्धार्थनगरको छाडा चौपाया ब्यबस्थापनको प्रयास



**मोहम्मद हबिब**
*भैरहवा*

पर्यटकीय सिद्धार्थनगर बुद्धजन्मस्थल लुम्बिनी प्रवेशद्वार हो । यहाँ दैनिक सयौँ पर्यटकहरुको आगमन हुदा छाडा चौपाया चुनौतीको रुपमा रहेको छ ।

विकसित शहरउन्मुख भैरहवामा अव्यवस्थित छाडाचौपायाले नगरको सौन्दर्यीकरणमा प्रभाव पार्नुका साथै दुर्घटना पनि निम्तयाउने गरेकोले सिद्धार्थनगर नगरपलिकाले छाडा चौपाया व्यवस्थापनको लागि अभियानको सुरुवात गरेको छ । सडकमा रहेका गाई, गोरु, बाच्छा, बाच्छी लगायतका चौपायालाई व्यवस्थापन गर्ने तर्फ सिद्धार्थनगर नगरपलिका एक दशक अघि देखि प्रयासरत रहेपनि दीर्घकालिन समाधान गर्न सकेको छैन ।

राजमार्ग, बजार, भित्री बाटोहरुमा छाडा चौपायाका कारणले बढ्दो सडक दुर्घटना निम्तिने गरेको छ । समय समयमा स्थानीय स्तरबाट व्यापक आलोचना हुने छाडा चौपाया व्यवस्थापन, चौपायाका कारण दुर्घटनामा परी यात्रुहरुको ज्यान समेत गएकाले चौपायाको बढदो समस्याको समाधानका लागी सिद्धार्थनगर नगरपालिकाले सक्रियता बढाउदै नगर प्रवक्ताको संयोजकत्वमा अभियान सुरु गरेका हो ।

बिगतमा पनि सडक चौपाया ब्यबस्थापन गर्न अभियान सुरु भएका थिए । तर त्यति प्रभाबकारी बन्न सकेको थिएन् । तर अहिले जनप्रतिनिधीहरु पनि भएको अबस्थामा छाडा चौपाया ब्यबस्थापन सहज हुने बिश्वास आम नगरबासीको छ । अभियानमा नगरपालिकाका कर्मचारी, नगरप्रहरी र प्रशासनको सहकार्य रहेको छ ।

अघिल्लो बर्ष पश्चिम नवलपरासीको एक गौशालाको समन्वयमा छाडा चौपाया व्यस्थापन गरेको नगरपालिकाले यो पटक कपिलबस्तुको बाणगंगा नगरपालिकासगंको समन्वयमा व्यबस्थापन सुरु गरेको सिद्धार्थनगर नगरपालिकाका प्रमुख प्रशाकिय अधीकृत जनक थापाले जानकारी दिए । यो बर्ष शनिवारदेखी छाडा चौपाय व्यवस्थापन अभियान सुरु गरिएको र पहिलो दिन ५४ वटा छाडा चौपाया बजार क्षेत्रबाट नियन्त्रणमा लिई होल्डिङ्ग सेन्टरमा राखिएको छ । ती संरक्षित चौपायाहरुलाई नगरपालिकाले ट्रकमा लोड गरि बाणगंगा स्थित गौशाला पठाइएको प्रमुख प्रशाकिय अधीकृत थापाले जानकारी दिए । यस अघि पनि विभिन्न प्रयासहरु भएका थिए तर अहिले हामीले अभियानकै रुपमा लिएर यसलाई समाधान गर्ने तर्फ लागेका छौ, सबैको साथ र सहकार्य हुन जरुरी रहेको उनले भने ।

नगरपालिकाले शनिबार नगरका छाडा चौपायालाई नियन्त्रणमा लिएकोमा ३ जनाले आफ्नो हो भनि दाबी गरेकोले उनीहरुलाई पहिलो पटक न्युनतम सात हजार जरिवाना गराएर दिईने व्यवस्था गरिएको छ भने जम्मा गरीएका चौपायाहरु दाबी गर्न नआएका चौपायालाई गौशाला पठाइएको छ ।दुध दिदा सम्म राख्ने र दुध दुहेर छाडा छाड्ने प्रवृति एकातर्फ छ भने थारा, बेत बसेका वा दूध दिन छोडेका र बिरामी गाईगोरु बेवारिसे अवस्थामा छोडिदिन गरिएको पाइएको छ । पशुधनिले दिनभरी गाई घरमै राख्ने र रातपरे पछी सडकमा छाडिदिने गरेको समेत पाइएको छ ।

» बाँकी ३ पेजमा

# वित्तीय उत्तरदायित्व विधेयकमाथिको सैद्धान्तिक छलफल सकियो



दाङ । लुम्बिनी प्रदेश सभामा पेश भएको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल सकिएको छ। आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले प्रदेश सभाको पाँचौं अधिवेशनको तेस्रो बैठकमा उक्त विधेयकमाथि सैद्धान्तिक छलफल गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए । सो प्रस्तावको सैद्धान्तिक छलफलमा तीनजना प्रदेश सभा सदस्यले भाग लिएका छन् ।

प्रदेश सभा सदस्य निमा गिरीले आर्थिक स्थायित्व कायम गर्न विधेयकले दिशा प्रदान गर्ने बताइन। योजना तथा बजेट निर्माण गर्दा प्रदेश सभा सदस्यको भूमिका बढाउनुपर्ने धारणा राखिन् । 'योजना निर्माणमा प्रदेश सभा सदस्यलाई जोड्न जरुरी छ'उनले भनिन्,'बजेटमाथिको सैद्धान्तिक छलफलको समय एक महिना राखिनुपर्छ। यो विधेयकमा १५ दिन कायम गरिएको छ। प्रदेश आयोजना बैंकलाई प्रभावकारी बनाउनेगरी विधेयकले समेट्नुपर्छ ।'

प्रदेश सभा सदस्य इन्द्रजित थारुले प्रदेशको आर्थिक तथा वित्तिय अधिकारलाई कार्यान्वयन गर्नेगरी विधेयक आएको बताए। 'योजना र बजेट निर्माणलाई प्रभावकारी बनाउन जरुरी छ। राजश्वको अनुमान र खर्चको अनुमान मिल्यो कि नाई समिक्षा गर्न जरुरी छ'उनले भने,'अहिले सम्म राजश्व र खर्चको अनुमान मिलेका देखिदैन। अव प्रि बजेटमाथिको छलफल गर्ने व्यवस्था गर्न जरुरी छ ।'

घाटापूर्ति गर्ने स्रोत सुनिश्चित गरेर मात्रै बजेट ल्याउन सुझाव दिए। प्रदेश सभा सदस्य बिष्णु पन्थिले बजेट निर्माणको कामलाई व्यवस्थित गर्नुपर्ने बताए।'बजेट बनाउँदा एकखाले अराजकता छ। त्यसलाई तोड्न जरुरी छ' उनले भने,'प्रदेश सभा सदस्यलाई बढी जिम्मेवार बनाएर बजेट ल्याउदा त्यसको कार्यान्वयन पक्ष बलियो हुन्छ ।'

» बाँकी ३ पेजमा

बुद्धभूमी नगरपालिकाको अनुरोध

चिसो तथा शीतलहरको समयमा,
- मौसमी रुघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम , निमोनिया, झाडापखाला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- यो रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन्छन् ।
- उनीहरुको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।

अनुरोधक :
बुद्धभूमी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमान चोक, बुढी, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

रेसुङ्गा नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

बाबुराम पल्ली
प्रमुख प्रशासकीय अधिकृत

खिलध्वज पन्थी
नगर प्रमुख

अनुरोधक :
रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## जीविकोपार्जनमा सुधारको बाटो

रामग्राम नगरपालिका–१ सहुवाका जीवन पथ्थरकट्टाकोकुनै बेला राम्रै कमाई थियो। महिनामा ५० हजार रूपैयाँ ढुंगाको सिलौटा बनाएर कमाई हुनु राम्रै थियो। अहिले उनको कमाई घटेको छ। समाजमा जीवनशैलीमा परिवर्तन आएको छ। सिटौलाको प्रयोगमा आएको कमीले उनको निर्वाहको माध्यम चुडिन लागेको छ।

नदी किनारमा बस्ने बोटे, माझीको जीवनयापन ठिकै थियो। पुलहरु बनेपछि डुङ्गाबाट मान्छे आवतजावत गर्नुपरेन्। उनीहरुको रोजीरोटी पुलले खोस्यो। नदीमा माछा मारेर जीविका चलेको थियो, नदी खोलामा प्रयाप्त माछा पाइन छाडेपछि उनीहरुको आम्दानीको बाटो बन्द भयो। अहिले बोटे समुदायको सामाजिक आर्थिक हैसियत कमजोर छ।

कुमाल समुदायले राम्रो माटोका भाडाँकुडाँ बनाउँथे। जीवनशैलीमा आएको परिवर्तनले माटोका भाँडा विक्न छाडे। कुनै बेला फस्टाएको उनीहरुको व्यवसाय अहिले नगण्य छ।

यी तीन घटनाले के देखाउँछ भने जीवनयापन गरिरहेको कुनै समुदायको जीवनयापनको माध्यम खोसिएपछि झनै कमजोर बन्दै गएको छ। पत्थरकट्टा समुदायले जान्दै आएको सीपलाई आधुनिकरण गरेर समाजमा प्रयोग गर्न सक्दा राम्रै फाइदा हुन्छ। बोटे समुदायको जीवनयापनको माध्यम खोसिएपछि विकल्प दिने सरकारले हो। राज्यले ती समुदायको आर्थिक सामाजिक स्थिति सुधार्नका लागि जीविकोपार्जनको विकल्प दिनुपर्छ। बाँच्ने माध्यम खोसिएपछि उनीहरुको हैसियत सधैं कमजोर भयो। कुमाल समुदायको अवस्था पनि उस्तै हो।

ग्रामीण उद्यमशिलतामा जोडेर जाँदा उनीहरुको जीवनस्तर सुधार गर्न सकिन्छ। कुमाल समुदायलाई माटोका हस्तकलाका सामग्री बनाउन सक्ने बनाएर ती सामग्रीको प्रयोगमा अभियान चलाउनुपर्छ। बोटे समुदायका लागि स्थान विशेषका आधारमा सीपमुलक तालिम दिने र सीप अनुसार स्वरोजगारको बाटो खोल्नुपर्छ। कसैलाई ढाका बुनाई तालिम दिन सकिन्छ। कसैलाई हस्तकलाको सामग्री बनाउने तालिम दिन सकिन्छ।

हरेक पालिकाले सिमान्तकृत समुदायलाई माथि उकास्न उनीहरुको रुची अनुसारको तालिम दिनुपर्छ। तालिमपछि सिकेको सीप अनुसार कामको वातावरण पनि सरकारले नै मिलाईदिनुपर्छ। स्वरोजगारका लागि बीउ पूँजी दिएर सहयोग हुनसक्छ। अहिले विभिन्न तालिमका लागि तहगत सरकारले बजेट खर्च गरिरहेका छन्। तर खर्च अनुसार अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन्। तालिम दिएपछि त्यसको प्रतिफल आएन भने तालिमको अर्थ हुन्न। तालिममा सिकेको कुरा व्यवहारमा उतार्न सक्दा उपलब्धी हासिल हुन्छ।

गरिब र सिमान्तकृत समुदाय लक्षित कार्यक्रमको नतिजा प्रभावकारी हुन नसक्नुको कारण कार्यक्रम सञ्चालन गर्दा प्रतिफल मुखी ढंगले सञ्चालन नगर्नु हो। व्यक्तिको रूची र तालिम लिएपछि कार्यान्वयन

# संविधान संशोधनमा गम्भीरता



**रामनारायण विडारी**

संविधान संशोधनका विषय उठेका छन्। यो स्वाभाविक पनि हो। संविधान जारी भएको १० वर्ष हुन लागेको छ। संविधानमा भएका आयोगहरूको पुनर्मूल्याङ्कन गर्ने बेला आएको छ। संविधानको राज्यका निर्देशक सिद्धान्तका बारेमा पनि संसदीय समितिले खास काम गरेको पाइँदैन। धारा ५४ मा यो व्यवस्था भए पनि यसलाई संसद्बाट प्रभावकारी अनुगमन भएको देखिँदैन। यसै गरी संविधानमा व्यवस्था गरिएका संवैधानिक आयोगको पुनरवलोकनबारे संविधानको धारा २६५ ले व्यवस्था पनि गरेको छ। यसलाई पनि सङ्घीय संसद्ले खासै चासो राखेको पाइँदैन। धारा २९४ अनुसार संवैधानिक अङ्गको कामकारबाहीको प्रतिवेदनलाई केलाएर हेर्ने काम पनि सङ्घीय संसद्को हो। यो काममा पनि खास ध्यान दिएको पाइँदैन।

धारा २९३ बमोजिम संवैधानिक निकाय सङ्घीय संसद्प्रति उत्तरदायी हुने व्यवस्था गरिएको छ।

प्रतिनिधि सभाको समितिले संवैधानिक निकायको काम कारबाहीउपर अनुगमन र मूल्याङ्कन गर्नुपर्ने दायित्व छ। निर्देशनसमेत दिन सक्ने व्यवस्था गरिएको छ। यी कुनै काम पनि सङ्घीय संसद्ले गम्भीर रूपमा लिएको छैन। सांसद कार्यपालिकाको चाकडी गर्ने वा कार्यपालिकामा सहभागी हुने खेलमा चेसको गोटी जस्तो मात्र भएका छन् वा बनाइएका छन्। माथि उल्लेख गरिएका सङ्घीय संसद्को काम व्यापक छ। देशको सबै संवैधानिक निकायको कामको रेखदेख अनुगमन मूल्याङ्कन गर्ने काम गहिरोसँग गर्ने हो भने सांसदलाई फुर्सद पनि हुँदैन र संवैधानिक निकाय पनि सक्रिय र पारदर्शी हुन्छन्। यो काम किन गरिएको छैन। दलले रोकेर वा सांसदले नबुझेर वा सरकार र आयोगसँग डराएर ? के कारणले होला भन्ने जिज्ञासा आमसंवैधानिक जानकारको चासोको विषय बनेको छ।

कुन आयोग कायम राख्नु पर्छ वा कुन आयोग खारेज गरे पनि हुन्छ ? यो निर्क्योल गर्ने काम पनि सङ्घीय संसद्को प्रतिवेदनबाट हुन्छ। खै, यो काममा सङ्घीय संसद्को सभामुख एवं अध्यक्षको समेत ध्यान गएको पाइँदैन। संसद् त दलको खेताला जस्तो मात्र हुन जाला भन्ने डर लाग्न थालेको छ। कानुन बनाउने कार्य संसद्को एकलौटी कार्य हो। यस बारेमा धेरै ठाउँमा सविस्तार व्याख्या भइसकेको छ।

यो संविधानको मुख्य विशेषतामध्ये संसदीय सुनुवाइ र महाभियोगको पनि हो। यो दुवै कार्य संसद्को अन्तर्निहित कार्य हो। यसलाई बिस्तारै प्रहार हुन थालेको छ। यी दुवै कार्यको विरोधमा सोझै वा घुमाएर विरोध भइरहेको छ। संसदीय सुनुवाइ भनेको राज्यका ठुला पदाधिकारीलाई जनताप्रति उत्तरदायी बनाउने एक सशक्त माध्यम हो। हाल न्यायाधीश रिझाउन नेपाल बारले पनि न्यायाधीशको संसदीय सुनुवाइ हटाउनु पर्छ भन्न थालेको छ। उच्च अदालतका न्यायाधीश र जिल्ला अदालतका न्यायाधीशलाई न्याय परिषद्ले अनुशासनसम्बन्धी कारबाही गर्न सक्छ।

सर्वोच्च अदालतका न्यायाधीशलाई भने कारबाही गर्ने कुनै पनि निकाय छैन। संसदीय सुनुवाइमा पनि जान नपरे हुने भन्ने न्यायाधीशको इच्छा हुनु स्वाभाविक छ। पेसागत सङ्गठनले भने यस्तो माग राख्नु उपयुक्त हुँदैन। न्यायाधीश हुने मानिस अन्य ग्रहबाट आएका मानिस होइनन्, हाम्रै समाजका व्यक्ति हुन्। उनीहरू पनि गल्ती गरेका हुन्छन् वा गर्छन्। गल्ती गरेकालाई न्यायाधीश बनाउन हुँदैन भन्नेमा सबै एक मत छन् तर तिनका गल्ती कसले केलाउने ? सार्वजनिक सुनुवाइ गर्ने कुरा गैरजिम्मेवार हुन्छ। सरोकारवाला कोहीप्रति उत्तरदायी हुँदैनन्।

संसदीय सुनुवाइ भनेको जिम्मेवार संसद्बाट गर्ने सुनुवाइ हो। संविधानले नै संसद्लाई विभिन्न राज्यका निकायको मूल्याङ्कन गर्ने जिम्मा दिएको छ। न्यायपालिकाको काममा हस्तक्षेप पो गर्न नपाउने हो त न्यायपालिकालाई चाहिने कानुन र न्यायापालिकालाई चाहिने बजेट दिने संसद्ले हो। न्यायाधीश नियुक्तिमा सिफारिस न्यायपरिषद्बाट भएपछि उनको बारेमा सुनुवाइ गर्ने अधिकार जनप्रतिनिधिलाई हुनु स्वाभाविक हो। सुनुवाइ प्रभावकारी भएन भन्ने हो भने यसलाई प्रभावकारी बनाउनु पर्ने दायित्व सङ्घीय संसद्को हो। सुनुवाइ प्रभावकारी मर्यादित बनाउनु पर्ने कर्तव्य संसद्को हो। संसदीय व्यवस्थामा सुनुवाइ मिलेन भन्ने पनि कुरा आउँछ। नेपालको संविधान आधारभूतमा संसदीय प्रणाली भए पनि यो संविधान सभाबाट बनाएको सुधारिएको संसदीय प्रणाली हो भन्ने बिर्सन हुँदैन।

यसै गरी महाभियोग पनि यो संविधानको विशेषता हो। सर्वोच्च अदालतका न्यायाधीशलाई कारबाही कसैले पनि गर्न सक्दैन। कुनै पनि अभियोग लाग्दैन। यसै गरी संवैधानिक पदाधिकारीलाई पनि पदमा बहालमा छँदासम्म अभियोग लाग्न नसक्ने भएकाले संसद्लाई विशेष अधिकार दिएर महाभियोगको व्यवस्था गरी निजहरू उपर महाभियोग लाग्न सक्ने व्यवस्था गरी शक्ति सन्तुलनको अभ्यास गरिएको हो। यसका केही मान्य सिद्धान्त छन्। यो न्यापालिकालाई सन्तुलनमा राख्ने व्यवस्थापिकाको अन्तिम अस्त्र हो। यो अस्त्र प्रयोग अन्तिम अवस्था आइपरेमा मात्र गरिन्छ। अमेरिकामा यो अस्त्र १० जना न्यायाधीशमा मात्र प्रयोग भएको छ। जबकि अमेरिकी संविधान जारी भएको २३५ वर्ष भइसकेको छ।

२०१० सन्मा अमेरिकी सङ्घीय सर्वोच्च अदालतको न्यायाधीमाथि पनि महाभियोग लाग्यो। यसको मतलब यो अस्त्र सितिमिति चलाउने होइन। यो शक्ति सन्तुलनको सिद्धान्तमा आधारित छ। अमेरिकी संघीय सर्वोच्च अदालतले महाभियोगका बारेमा व्याख्या गर्दै भनेको छ यो राजनीतिक प्रश्नको सिद्धान्त (डक्ट्रिन अफ पोलिटिकल कोइश्चन) हो भन्दै यसको न्यायिक पुनरवलोकन हुन सक्दैन भनी व्याख्या गरेको छ। शक्ति पृथकीकरणको सिद्धान्त अनुसार न्यायालयमाथि विधायिकाले शक्ति सन्तुलनका लागि प्रयोग गर्ने एक प्रमुख हतियारका रूपमा रहेको महाअभियोगउपर पुनरवलोकन हुन नसक्ने व्याख्या गरेको छ।

अमेरिका, बेलायत र भारतमा समेत महाभियोगलाई अदालतले रोकेको अभ्यास छैन। केही उदाहरण हेरौँ। सन् २०१० मा फिलिपिन्सको प्रधान न्यायाधीश कोरोनालाई सिनेटले महाभियोगको कारबाही सुरु गर्दा उनले सर्वोच्च अदालतमा अन्तरिम आदेशसहितको माग गरी रिट दिएका थिए। संसद्ले महाभियोग संसद्को अधिकार हो, न्यायालयले रोक्न नमिल्ने भनी अदालतको आदेश नमान्ने घोषणा गर्दै महाभियोग लगायो।

सन् २०१३ मा श्रीलङ्काको महिला प्रधान न्यायाधीश वन्दरानाइकेलाई संसद्ले महाभियोगको सुरु गऱ्यो। उनले उच्च अदालतमा रिट दायर गरिन्। अदालतले प्रक्रिया रोक्न आदेश गऱ्यो। सर्वोच्च अदालतले पनि महाभियोग असंवैधानिक भन्यो। संसद्ले यो संसद्को अर्न्तनिहित अधिकार हो अदालतको अनुचित हस्तक्षेप भयो भनी महाभियोग पारित गरि दियो।

परिपक्व लोकतन्त्र भनिएका मुलुकमा न्यायाधीशमाथि सुरु गरिएको महाभियोग प्रक्रियामाथि न्यायिक हस्तक्षेप भएको पाइँदैन। अमेरिकालाई यसको उदाहरणका रूपमा लिन सकिन्छ। न्याययोग्य विषयभित्र नपर्ने भनिन्छ।

महाभियोगको न्यायिक पुनरवलोकन हुनका लागि संविधानमा नै लेखिएको हुनु पर्छ। उदाहरणका लागि दक्षिण कोरिया र ब्राजिललगायतका केही देशमा संसद्ले लगाएको महाभियोग संवैधानिक अदालतले सदर गर्नु पर्ने व्यवस्था छ। कोरियाका राष्ट्रपतिलाई सदनले लगाएको महाभियोग अदालतले सदर गरेपछि पदमुक्त भएको थियो।

संसद्को अधिकारलाई न्यायपालिकाले हस्तक्षेप गरेपछि न्यायालयको सर्वोच्चता हुन पुग्छ। हाम्रो व्यवस्था (संविधान) संवैधानिक सर्वोच्चता हो। संविधान अन्तर्गत सर्वोच्च अदालत रहन्छ। तसर्थ संसद्को काममा न्यायालयले हस्तक्षेप गर्न हुँदैन। यो खतराको विषय हो।

नेपालमा प्रधानन्यायाधीश सुशीला कार्कीलाई महाभियोग दर्ता गरेपछि न्यायाधीश चोलेन्द्रशमशेर राणाबाट महाभियोगमा संसदीय कार्यमा हस्तक्षेप भएको थियो। यस्तै कारणले गर्दा संविधान संशोधनका विषयको कुरा उठ्न थालेको छ।

पदमा बस्नेले संविधान मिच्छन् तर संविधान जोगाउने कार्य व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकाका नेतृत्वमा भर पर्छ। भारतमा ७५ वर्ष र अमेरिकामा दुई सय ३५ वर्षसम्म एउटै संविधान छ। नेपालमा सात वटा संविधान आइसक्यो ७६ वर्षभित्रमा। विचार गरौँ। गोपबाट

# मोतिपुर खानेपानीको साधारण सभा

बुटवल। मोतिपुर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको साधारण सभा सम्पन्न भएको छ।रुपन्देहीको बुटवल उप महानगरपालिका १९ भुड्कैयामा अवस्थित यस सस्थाको सातौ वाषिर्क साधारण सभा एक कार्यक्रमका बीच सम्पन्न भएको हो।

कार्यक्रममा संस्थाका अध्यक्ष खोमराज ढकालले वार्षिक प्रगति प्रतिबेदन पेश गर्दै संस्थामा आफू रहदासम्म संस्थाको हितमा सदैव कामगर्ने कुरामा जोड दिए। उनले आगामी दिनमा उपभोक्ताको हितलाई ध्यानमाराखेर काम गर्ने बताए।

कार्यक्रमलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेश सभा सदस्य तुलसी प्रसाद चौधरीले मोतिपुरवासिलाई स्वस्थ पानी वितरण गर्नमा मोतिपुर खानेपानी उपभोक्ता तथा सरसफाई सस्थाको महत्त्वपूर्ण भुमिका रहेको बताए।

उनले बुटवल उपमहानगरपालिका वडा नम्बर १७ १८ र १९ एकीकृत खानेपानी परियोजना लागत इस्टिमेट २१ करोड रहेकोमा बाँकी रहेको उक्त परियोजना अन्तर्गत वडा नम्बर १९ को गौडीमा निर्माणाधिन ओभरहेड टङ्की सम्पन्न गराउने बताए।

कार्यक्रमका प्रमुख अतिथि रहेका उनले रानीगंजमा ओभरहेड टंकीको काम छिटै सुरु गर्ने , पाइप विस्तार कार्य पनि छिट्टै सम्पन्न गर्ने र सातवटै बोर पूर्ण सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गरे।

त्यस्तै कार्यक्रममा बिशिस्ट अतिथि खानेपानी तथा सरसफाई कार्यालय योगिकुटीका प्रमुख राज कुमार चौधरिले खानेपानी मानव जिवनको लागि अपरिहार्य रहेकोले सम्पुर्णमा सर्वसुलभ रूपमा उपलब्ध गराउन सबै पक्ष उतिकै जिम्मेवार रहेको बताए।

बिभिन्न संघ संस्थाका प्रतिनीधी तथा समाज सेवीबुद्धिजीहरुको आतिथ्यता रहेको कार्यक्रमा संस्थाका कोषाध्यक्ष कृष्ण नेपालीले ७ करोड ५७ लाख ४५ हजार ६ सय ६ दशमलव ९३ पैसाको आर्थिक प्रतिबेदन प्रस्तुत गरेका थिए।

संस्थाका लेखा समिती संयोजक हरि प्रसाद सुवेदीले लेखा प्रतिबेदन प्रस्तुत गरेका थिए भने सहसचिव दुर्गाप्रसाद चापागाईंले कर्मचारी विनियमावली प्रस्तुत गरे।

कार्यक्रममा बुटवल उप महानगरपालिका १९ का वडा अध्यक्ष चन्द्र सिह थापा , १८ का वडा अध्यक्ष गुरु पगेनी ,बुटवल उप महानगर पालिका १७ का वडा अध्यक्ष ज्ञान बहादुर रेश्मी , विधान संशोधन उपसमिति का संयोजक एवं सल्लाहकार जोगबहादुर खत्री,जिल्ला खानेपानी महासंघ अध्यक्ष धुर्व धिताल, संस्थाका उपाध्यक्ष मिन प्रसाद श्रेष्ठ, सचिव केशब राज पाण्डे लगायतले बोलेका थिए।


मध्यविन्दु नगरपलिका

मध्यविन्दु नगर अस्पताल

नवलपरासी ( बर्दघाट सुस्ता पूर्व )

गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति :२०८१/१०/०७

यस कार्यालयबाट मिति २०८१/०८/२१ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोटलमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार मध्यबिन्दु नगर अस्पतालको लागि आवश्यक औषधी खरिद गर्न रितपूर्वक पेश हुन आएका बोलपत्रहरु खोली मूल्यांकन समितिले मूल्यांकन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतका लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनका लागि यो ७ दिनको सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ वमोजिम सम्वन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

| सि.न. | बोलपत्र न.र कार्य | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर र पि.यस सहित | कैफियत |
|---|---|---|---|---|
| 1. | 02/NCB/GOODS/MUH/2081/82 Procurement of Medicine | Krishav Pharmacy Bharatpur, Chitwan | 17,30,523.76 | |

लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

पृथ्वीचन्द्र अस्पताल

नवलपरासी

**सेवा करारमा पदपूर्ति सम्बन्धी सुचना।**

मिति २०८१/१०/०७

प्रस्तुत विषयमा यस पृथ्वीचन्द्र अस्पताल नवलपरासीको लागी पृथ्वीचन्द्र अस्पताल बाट प्रदेश स्वास्थ्य मन्त्रालय बाट स्वीकृत दरबन्दी मध्ये तपशिल बमोजिका पदहरुमा र कार्यक्रम करार सेवाको लागी कर्मचारी व्यवस्थापन कार्यविधी संशोधन सहित) २०८० बमोजिम पदपुर्ति गर्नुपर्ने भएकोले २०६२ असार मसान्त सम्मको लागी देहाय बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। रित नपुगेको दरखास्त उपर कुनै कारबाही हुने छैन।

| क्र. सं. | बिज्ञापन नम्बर | पद | तह/ श्रेणी | न्यूनतम शैक्षिक योग्यता | माग पद संख्या | कैफीयत |
|---|---|---|---|---|---|---|
| १ | ०२/०८१/०८२ | स्टाफनर्स | पाचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिंग विषयमा प्रविणता प्रमाणपत्र तह उपाधी उत्तिर्ण | २ | रिक्त दरबन्दी |
| २ | ०२/०८१/०८२ | स्टाफनर्स | पाचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिंग विषयमा प्रविणता प्रमाणपत्र तह उपाधी उत्तिर्ण | १ | रिक्त दरबन्दी |
| ३ | ०२/०८१/०८२ | बायोमेडिकल टेक्निसियन | पाचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकलमा प्रविणता तह उत्तिर्ण गरेको | १ | रिक्त दरबन्दी |
| ४ | ०२/०८१/०८२ | अ.हे.व | चौथौ | अ.हे.व. कोर्ष उत्तिर्ण गरेको | १ | रिक्त दरबन्दी |
| ५ | ०१/०८१/०८२ | अनमी | चौथौ | अनमी कोर्ष उत्तिर्ण गरेको | १ | रिक्त दरबन्दी |

१. दरखास्त फारम बुझाउने विधि र स्थान प्रदेश लोकसेवा आयोग लुम्बिनीको वेबसाईट दरखास्त फारम डाउनलोड गरी पेश गर्नु पर्ने छ।
दरखास्त पेश गर्ने स्थान पृथ्वीचन्द्र अस्पताल।
२ दरखास्तमा सलग्न गर्नुपर्ने कागजातहरु उम्मेदवारका व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी नेपाली नागरिक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी अनुभवको प्रमाणीत प्रतिलिपी प्रचलित नेपाल कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपीहरुको पछाडी पृष्ठमा उम्मेदवार स्वयंले प्रमाणीत गरी लोकसेवा फारमको ढाचामा सम्पूर्ण विवरणहरु भरी हालसालै खिचिएको पासपोर्ट साईजको २ प्रति फोटो सहित पेश गर्नु पर्ने छ।
३. दरखास्त दस्तुर सबै तहको लागी रु.५०० पाच सय मात्र अस्पतालको काउन्टर शाखामा नगदै दस्तुर बुझाउन पर्नेछ।।
४ दरखास्त दिने अन्तिम मिति : २०८१।१०।०७ गते देखी २०८१।१०।२२ गते भित्र कार्यालयमा दरखास्त पेश गरी सक्नु पर्नेछ।
५. छनौटको आधार र प्रकृयाः प्रदेश कर्मचारी व्यवस्थापन कार्यविधी (संशोधन सहित) २०८० बमोजिम छनौट गरिने छ।
६. सम्पर्क मिति र स्थान दरखास्त पेश गर्ने अन्तिम मितिको भोलि पल्ट। स्थान पृथ्वीचन्द्र अस्पताल।
७। उम्मेदवारको उमेरको हद २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको।
८. पदमा रही गर्नु पर्ने कामको विवरण सेवा समूह सम्बन्धी।
९. तलब : नेपाल सरकारको प्रचलित स्केल बमोजिम।
१०. अन्तवार्ताको सुचना : अन्तर्वार्ताको सूचना अस्पतालको सुचना पार्टीमा टास गरिने छ।
नोट : सुचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ। यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा अस्पतालको प्रशासन शाखा सम्पर्क नं. ०७८-५२०१८८ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

डा मोहम्मद नुरुल होदा
कार्यालय प्रमुख

# रूपन्देही सुपरलिग: एमसीसीको रवाफिलो जित

भैरहवा, माघ ६। भैरहवामा जारी रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिता अन्तर्गत 'ए' डिभिजनको आइतबारको खेलमा मेलवर्न क्रिकेट क्लब (एमसीसी)ले सानदार जित हात पारेको छ। मेलवर्नले जेआर क्रिकेट क्लबलाई १० विकेटले पराजित गर्दै सानदार जित निकालेको हो।

सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको जेआरले मौसमका कारण ३२ ओभरमा छोट्याइएको खेलमा ३१ ओभर ५ बलमा सबै विकेट गुमाउँदै जम्मा ६२ रन बनायो। उसका लागि विनय जिसीले १८ र कुशल भूर्तेलले १० रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन्। बलिङमा मेलवर्नका विपिन आचार्यले ४ तथा रमेश कुर्मी, इकलाख अहम्मद वारिस र सन्दीप रजालीले समान २-२ विकेट हात पारे।

जवाफी ब्याटिङ गरेको मेलवर्नले ११ ओभर २ बलमा विना क्षति ६३ रन बनाउँदै रवाफिलो जित निकाल्यो। उसको जितमा अमन खनालले अविजित २७ र आदित्य यादवले नटआउट २१ रनको योगदान गरे। खेलमा विपिन आचार्य म्यान अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए।

# गाजामा युद्धविराम



बुटवल। गाजामा लामो समयदेखि प्रतिक्षा गरिएको युद्धविराम तीन घण्टा ढिलो गरी शुरू भएको छ। इजरायल र प्यालेस्टिनी विद्रोही समूह हमासबीच १५ महिनाको युद्धपछि आजदेखि युद्धविराम शुरू भएको हो।

हमासले पहिलो चरणमा रिहा गर्ने तीन जना इजरायली महिला बन्धकको नाम सार्वजनिक गरेपछि गाजामा युद्धविराम शुरू भएको हो। हमासले ३१ वर्षीया भेटेरिनरी नर्स डोरोन स्टेनब्रेचर, २४ वर्षीया रोमी गोनेन र २८ वर्षीया एमिली डमारीको नाम सार्वजनिक गरेको हो।

गाजा युद्धविराम स्थानीय समयानुसार बिहान ८ बजेर ३० मिनेटमा कार्यान्वयनमा आउने भनिएको थियो। तर हमासले रिहा हुने बन्धकको सूची सार्वजनिक गर्न ढिला गरेको भन्दै इजरायली प्रधानमन्त्रीको कार्यालयले स्थानीय समयानुसार ११ बजेर १५ मिनेटदेखि युद्धविराम सम्झौता कार्यान्वयनमा आएको जानकारी दिएको बीबीसीले जनाएको छ।

यसैबीच इजरायलका अति दक्षिणपन्थी राष्ट्रिय सुरक्षा मन्त्रीसहित दुई जना अन्य मन्त्रीले गाजा युद्धविराम सम्झौताको विरोध गर्दै सरकारबाट राजीनामा दिएका छन्।

यस्तै युद्धविराम शुरू हुन ढिलाइ हुँदा इजरायली आक्रमणमा कम्तीमा १९ जनाको ज्यान गएको छ। आक्रमणमा परी ३६ जना घाइते भएका हमासद्वारा सञ्चालित गाजा सिभिल डिफेन्स एजेन्सीले जनाएको छ।

युद्धविरामको पहिलो चरणमा ६ हप्ताभित्र हमासले महिला, बालबालिका, वृद्धवृद्धा र घाइतेसहित ३३ जनालाई क्रमशः रिहा गर्ने र त्यसको सट्टामा इजरायलले प्यालेस्टिनी बन्दी मुक्त गर्ने सहमति भएको छ। युद्धविरामको गाजावासी र बन्धक बनाइएका परिवारले स्वागत गरेका छन् भने यसलाई स्थायी शान्तिको प्रयासका रूपमा हेरिएको छ।

मध्यस्थकर्ता इजिप्टका अनुसार युद्धविरामको पहिलो चरणमा ३३ जना इजरायली बन्धकको बदलामा एक हजार आठ सय ९० जना प्यालेस्टाइनी बन्दी रिहा गर्ने तयारी छ।

### सिद्धार्थनगरको...

दुध दिदा सम्म घरमै राख्ने र दुध दिन छाडेपछी(थारो) त्यसै छाडिदिने कारणले पनि सडक चौपाया बढेका हुन्।

खुला सिमानाका कारण पनि भारतबाट केही मात्रामा गाई, गोरुहरु आउने सम्भावना रहन्छ ती सबैलाई मध्यनजर गर्दै नगरपालिकाले अभियान मार्फत व्यवस्थापनमा लागेको सिद्धार्थनगर नगरपालिकाका प्रवक्ता एवं छाडाचौपाया व्यवस्थापन संयोजक भोला यादवले भने। यहाँ करिब सय बढि छाडा चौपाया रहेको तथ्याङ्क छ जसलाई सुरक्षित साथ व्यस्थापन सुरु गरिएको र यसलाई नियमित गरिने बताए।

सहर बजारका पसले, सडकमा गुड्ने गाडीदेखि बस्तीका किसानसम्मलाई छाडा चौपायाले हैरान बनाउन थालिएपछि व्यस्थापन सुरु गरिएका सिद्धार्थनगर नगरपलिकाका प्रमुख ईस्यिाक अहमद खाँले जानकारी दिए। यो अल्पकालिन र तत्कालको लागि समाधान गर्ने प्रयास हो, नगरपालिकाको दीर्घकालिन छाडा चौपाया व्यवस्थापनका लागि वडा नं ११ मा नगरपलिका स्वामित्वको करिब ६-७ विघा जग्गामा आफ्नै गौशाला निमार्णको काम भइरहेको छ। छाडा पशु चौपायाले रुपन्देहीमा दुर्घटनाको जोखिम बढी रहेकोले र सौन्दर्यरता माथि पनि प्रश्न उठ्ने गरेकोले चौपाया व्यवस्थापनलाई दीर्घकालिन योजना सहित छाडा चौपाया व्यवस्थापनका लागि वडा नं ११ मा आफ्नै गौशाला निमार्णको काम भइरहेको छ। कान्जीहाउसमा नगरभित्र रहेका छाडा चौपायालाई त्यहा राखेर तिनीहरुका संरक्षण, उपचार र पालन पोसण हुन्छ।

